# खार्पूनाथ गाउँपालिका


स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ६ मिति : २०८२।०३।१०


## भाग-१

## खार्पूनाथ गाउँपालिका

## स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन २०७५, पहिलो संशोधन, २०८२

आज्ञाले

विष्णु बहादुर शाही

प्रमुख प्रशासकीय अधिकृत



# खार्पुनाथ गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५

(पहिलो संशोधन, २०८२ )

गाँउकार्यपलिकको बैठकबाट संशोधित मितिः २०८२/०३/०९

**खार्पुनाथ गांउपालिका यांचुबजार, हुम्ला**

**कर्णाली प्रदेश, नेपाल**

कर्ण बहादुर रावल
अध्यक्ष

## खार्पुनाथ गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ (पहिलो संशोधन, २०८२ समेत)

### भाग :१

नेपालको संविधान, २०७२ को धारा २२१ ले दिएको अधिकार प्रयोग गरी खार्पुनाथ गाउँपालिका, हुम्लाको गाउँसभाले खार्पुनाथ गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन,२०७५ (पहिलो संशोधन,२०८२) स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**प्रस्तावना:**
स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम खार्पुनाथ गाउँ सभाले यो ऐन तर्जुमा गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**
(१) यस ऐनलाई स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५ ®रहेको छ।
(२) गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

**२. परिभाषा:**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,
(१) "ऐन" भन्नाले खार्पुनाथ गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७५ लाई सम्झनु पर्छ।
(२) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ।
(३) "कार्यपालिका" भन्नाले खार्पुनाथ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।
(४) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।
(५) "निजी" भन्नाले सेवाको संगसंगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।
(६) "ट्रष्ट वा लोककल्याणकारी भन्नाले दृष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।
(७) "व्यवस्थापन समिति भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।
(८) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ।
(९) स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, स्वास्थ्य चौकी आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइलाइ सम्झनु पर्दछ।

### परिच्छेदः २
### आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभुत स्वास्थ्य सेवा प्रदायकहरु**
स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन्:
(१) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, स्वास्थ्य चौकि, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ गाउँघर क्लिनिकहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।
(२) निजीः निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय +र डाइगनोष्टिक केन्द्र हुनेछन्।

+ पहिलो संशोधनद्वारा थप ® पहिलो संशोधनद्वारा संशोधित × पहिलो संशोधनद्वारा हटाइएको

(३) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः**

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुने छ।

**५. स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार**

१. स्थानीय गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन गरिने छ। यस समितिको गठन यस प्रकार हुनेछ :

(क) + गाउँपालिकाको उपाध्यक्ष – संयोजक

(ख) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य – सदस्य

(ग) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना- सदस्य

(घ) स्वास्थ्य आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ङ) स्वास्थ्य संस्वा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(च) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

**२. स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।**

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था संचालनका लागि अनुमति, स्वीकृत्ति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने।

(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

**३. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

१. x...स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई संचालन तथा व्यवस्थापन लागि देहायका सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिने छ।

(क) गाँउ पालिका अध्यक्ष - संरक्षक

(ख) सम्वन्धित वडाध्यक्ष x ........... - अध्यक्ष

(ग) ®समितिले मनोनित गरेको निर्वाचित महिला सदस्य – उपाध्यक्ष

(घ) ® समिति बाट मनोनित राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मध्ये १ जना - सदस्य

(ङ) ® स्वास्थ्य संस्था रहेको क्षेत्रको विधालयका प्रधानाध्यापक मध्ये १ जना महिला - सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(छ) स्थानीय व्यापार संघको १ जना प्रतिनिधि - सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

+२. सामुदायिक तथा सरकारी अस्पताल, निजि अस्पताल तथा अन्य स्वास्थ्य संस्थाको हकमा सम्बन्धित संस्थाको ऐन, नियम बजोजिम हुनेछ।

+ पहिलो संशोधनद्वारा थप ® पहिलो संशोधनद्वारा संशोधित × पहिलो संशोधनद्वारा हटाइएको



कर्ण बहादुर रावल
अध्यक्ष

**३. स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तव्य निम्नानुसार हुनेछन्:**

(क) आफ्नो स्वास्थ्य संस्थाको बार्षिक योजना बनाई सम्बन्धित बड़ा समिति मार्फत गाउँपालिकामा पेश गर्ने।

(ख) व्यवस्थापन समितिकी नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने।

**७. बैंक खाता संचालन:**

हरेक स्वास्थ्य संस्थाले ® अनिवार्य रुपमा बैंक खाता खोल्नु पर्नेछ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समिति का अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेदः २

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

**८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड**

(१) अस्पताल : ग्राउँपालिका आफैले ताकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ। यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन + ऐन तथा नियमावली तर्जुमा गरी संचालन गर्नेछ।

(२) स्वास्थ्य चौकी : गाउँपालिकाले प्रत्येक वडामा x ..... कम्तिमा देहायका + जनशक्ती र पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी वा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गर्नुपर्नेछ।

(क) जनशक्तिः स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट १ जना, अहेव २ जना, अनमी २ जना, आवश्यकता अनुसार सहायक कर्मचारीहरु

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरण भएको हुनुपर्नेछ।

(३) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पीक चिकित्सा सेवा को प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैले कम्तीमा एउटा आयुर्वेद तथा प्राक्तिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

**९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेंमा १५ शैया सम्मको संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(३ ) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले ३ महिना भित्र तीकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ।

(५ ) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

+ पहिलो संशोधनद्वारा थप ® पहिलो संशोधनद्वारा संशोधित × पहिलो संशोधनद्वारा हटाइएको



कर्ण बहादुर रावल
अध्यक्ष

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ।

**१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्डः**

(१) गाउँपालिकाको स्वीकृतीमा संचालन हुने १५ शैया सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ।

(क) जनशक्तिः कम्तिमा २ जना एमविविएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकमी

(ख) भवन तथा कोठाः दर्ता चलानी, बहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भनां भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ,

(ग) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने वेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, एक्सरे तथा भिडियो एक्सरे, इ. सि. जी., अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने।

+ (२) उपदफा १ मा उल्लेखित मापदण्ड सहित स्वास्थ्य संस्था स्थापना, संचालन, व्यवस्थापन तथा स्तर उन्नति सम्बन्धी संघीय ऐन, कानून, निर्देशिका अनुसारको मापदण्ड पुरा गरेको हुनु पर्दछ।

**११. पोलिक्लिनिक संचालनको अनुमतीः**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पालिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ।

(२) पोलिक्लिनिकमा विरामी जांच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

+ (३) स्वास्थ्य संस्था स्थापना, संचालन, व्यवस्थापन तथा स्तर उन्नति सम्बन्धी संघीय ऐन, कानून, निर्देशिका अनुसारको मापदण्ड पुरा गरेको हुनु पर्दछ।

**१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः**

(१) व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबीरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणका प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

+ (२) स्वीकृती लिनको लागि स्वास्थ्य संस्था स्थापना, संचालन, व्यवस्थापन तथा स्तर उन्नति सम्बन्धी संघीय ऐन, कानून, निर्देशिका अनुसारको मापदण्ड पुरा गरेको हुनु पर्दछ।

**१३. फार्मेसी संचालनको अनुमती**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ।

(२) ® कम्तिमा औषधी व्यवस्था विभागबाट आधारभूत फार्मेसी तालिम लिएको वा फार्मेसी विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण गरी परिषद दर्ता भएको प्राविधिकले सेवा प्रदान गर्ने गरी फार्मेसी संचालकले औषधी व्यवस्था विभागमा दर्ता गरेको प्रमाणपत्र सहित फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री बितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने।

+ पहिलो संशोधनद्वारा थप Ⓡ पहिलो संशोधनद्वारा संशोधित × पहिलो संशोधनद्वारा हटाइएको



कर्ण बहादुर रावल
अध्यक्ष

खार्पुनाथ गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ (पहिलो संशोधन, २०८२ समेत)

(३। फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको बसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ।

+ (२) स्वीकृती लिनको लागि स्वास्थ्य संस्था स्थापना, संचालन, व्यवस्थापन तथा स्तर उन्नति सम्बन्धी संघीय ऐन, कानून, निर्देशिका अनुसारको मापदण्ड पुरा गरेको हुनु पर्दछ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुने**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ। प्रयोगशालामा ® कम्तिमा मेडिकल ल्याब विषयमा प्राविधक एस.एल.सी उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको स्वास्थ्यकर्मी बाहेकका व्यक्तिले रगत, दिशापिसाब, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूत्रीमा राखी सो को जानकारी आम जनतालाई दिइने।

(२) फार्मेसीको हकमा दर्तावाला ® कम्तिमा औषधी व्यवस्था विभागबाट आधारभूत फार्मेसी तालिम लिएको वा फार्मेसी विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण गरी परिषद दर्ता भएको प्राविधिक बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने।

**१५. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने:**

निजी लगानी र दृष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

## परिच्छेदः ३
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

**१६. स्वास्थ्यकर्मीको व्यवस्थापन:**

गाउँपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन्।

(१) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका + प्रदेश लोकसेवा आयोगको सिफारिसमा स्थायी नियुक्ति भएका तथा संघ र प्रदेशमा पदाधिकार रही कामकाजमा खटिएका स्वास्थ्यकमीहरु

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ। यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ। + संघ तथा प्रदेशको छात्रबृत्ति वा स्थानीय सरकार तथा अन्य संस्थाबाट प्राप्त छात्रबृत्तिमाअध्ययन गर्नु पहिलेनै कबुलियतनामा गरी अध्ययन गरेकाहरुको हकमा सोही बमोजिम हुनेछ।

(४) स्वास्थ्य स्वयं सेवक र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका

**१७. स्वास्थ्य स्वयं सेवक र स्वास्थ्य स्वयंसेविकाको व्यवस्था:**

स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँ पालिकाले स्वास्थ्य स्वयं सेवक र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ।

(१) स्वास्थ्य स्वयं सेवक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका नियुक्तिका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्यूनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ।

+ पहिलो संशोधनद्वारा थप ® पहिलो संशोधनद्वारा संशोधित × पहिलो संशोधनद्वारा हटाइएको



कर्ण बहादुर रावल
अध्यक्ष

Scanned with CamScanner

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका र ५०० जनसंख्याको लागि १ जना स्वास्थ्य स्वयं सेवक सिफारिस बडा समितिले गाउँपालिका समक्ष गर्नसक्ने छ।

(३) प्रत्येक स्वयंसेविका र स्वास्थ्य स्वयं सेवक हरुले आधारभूत स्वास्थ्य सम्बन्धी ९ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरि विदाइ गरिने छ र नयाँ नियुक्त गदां कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइने छ।

+(५) यस सम्बन्धी थप व्यवस्था राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रणनीति २०७६ ( संशोधन सहित) बमोजिम हुनेछ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सरकारले तोकेको स्केल वमोजिम तलब, भत्ता र स्थानीय गाउँ/नगर कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा।

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ। + दरबन्दी करारमा ६ महिना भन्दा बढी समय कार्यरत हुने स्वास्थ्यकर्मी तथा कर्मचारीले स्थायी कर्मचारीले पाउने ग्रेड सुबिधा बाहेक कार्यरत पद अनुसारको सुरु तलब, स्थानीय भत्ता, महंगी भत्ता, पोशाक भत्ता, पर्व भत्ता लगायत स्थानीय सरकारले तोकेको सेवा सुबिधा पाउनेछन्। दरबन्दी करार बाहेक अन्य करारको सेवा सुबिधा करार सम्झौता बमोजिम हुनेछ। सेवा सुबिधा निर्धारण गर्दा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समय समयमा निर्धारण गरेको श्रमिकको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी कायम गरेर करार सम्झौता गर्नुपर्नेछ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी निर्वाह भत्ताको रुपमा सम्बन्धित गाउँपालिकाले तोकेबमोजिम उपलब्ध गराउन सकिने छ।

(४) स्वयं सेवक स्वयंसेविका पोशाक, बार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

**१९. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्तिः**

सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँकार्यपालिकाले निर्धारण गर्ने छ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले + प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी वा करारमा स्वास्थ्यकमी नियुक्ति गर्न सक्ने छ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) गाउँपालिकाकी प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँ कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उतिर्ण + वा सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्षको अधिकृत स्तरको अनुभव भएको १ जना विज्ञ - सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**® २०. कर्मचारी सरुवाः**

+ पहिलो संशोधनद्वारा थप ® पहिलो संशोधनद्वारा संशोधित × पहिलो संशोधनद्वारा हटाइएको



कृष्ण बहादुर रावत
अध्यक्ष

खार्पुनाथ गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ (पहिलो संशोधन, २०८२ समेत)

१) गाउँपालिका भित्रको कुनै एक स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र सामदायिक स्वास्थ्य इकाईमा कम्तिमा एक वर्ष सेवा प्रदान गरेका स्वास्थ्यकर्मीलाई अर्को स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र सामदायिक स्वास्थ्य इकाईमा सरुवा गर्न सकिनेछ ।

२) एकै स्वास्थ्य संस्थामा कम्तिमा एक वर्ष सेवा प्रदान गरेका स्वास्थ्यकर्मीले सरुवा हुन चाहेमा गाउँपालिकाको स्वास्थ्य शाखामा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ। यसरी प्राप्त निवेदनका आधारमा सहायक स्तरको कर्मचारीको हकमा स्वास्थ्य शाखा प्रमुखले र अधिकृत स्तरको कर्मचारीको हकमा स्वास्थ्य शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछन्।

३) उपदफा १ र २ मा जेसुकै लेखिएको भएता पनि निज कर्मचारी सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण सहितको विशेष अबस्था सृजना भएमा १ वर्ष भन्दा कम अवधिमा पनि सरुवा गर्न बाधा पर्ने छैन।

**२१. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः**

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ।

(१) गाउँपालिका अध्यक्षको रोहबरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा प्रमुखसँग, शाखा प्रमुखले स्वास्थ्य संस्था प्रमुख संग र स्वास्थ्य संस्था प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्य सम्पादन करार सम्झौता ६ महिनाको हुनेछ। सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले सम्झौताको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

(३) कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ।

**२२. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कारः**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

\

## परिच्छेदः ४
## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२३. वार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१ ) आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) बार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाले तयार गर्नेछ।

**२४. औषधी तथा स्वास्थ्य उपकरण खरिद**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि बढाउने छ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ।

**२५. औषधी तथा स्वाथ्य उपकरणको भण्डारण**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था स्वास्थ्य शाखाले मिलाउने छ।

+ पहिलो संशोधनद्वारा थप Ⓡ पहिलो संशोधनद्वारा संशोधित × पहिलो संशोधनद्वारा हटाइएको



कर्ण बहादुर रावल
अध्यक्ष

Scanned with CamScanner

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ। खरिदको परिमाण निर्धारण सम्वन्धित वडा समितिले माग गरे बमोजिम २०% मा नबढाइकन गर्नुपर्ने छ।

(३) स्वास्थ्य तथा सरसफाई शाखालेले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ।

(४) सम्बन्धित स्वास्थ्य संस्थाले गाउंपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ।

## परिच्छेद ५

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

### २६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिने छ।

+(२) यस सम्बन्धी मापदण्ड संघ तथा प्रदेश सरकारले तोके बमोजिम र स्थानीय सरकाले निर्धारण गरेबमोजिम हुनेछ।

### २७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमर्माण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

### २८.सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ।

(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सी बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ।

(३) सिफारिस बमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद ६

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

२९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वयंसेविकालाइ टिपोट गराउनु पर्नेछ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

+ पहिलो संशोधनद्वारा थप Ⓡ पहिलो संशोधनद्वारा संशोधित × पहिलो संशोधनद्वारा हटाइएको



कर्ण बहादुर रजक
अध्यक्ष

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ।

**३० महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निक्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ।

(२) यस्तो परिस्थितीमा महामारीवाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ।

**३१. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य बस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ। विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दूरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ।

(४) खाद्य पदार्थसँगै सुती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ।

+(५) यस सम्बन्धी अन्य व्यवस्था संघ तथा प्रदेश सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

**३२. सरसफाइ सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्ने छ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले स्वयसेवक र महिला स्वयंसेविकाहरु परिचालन गरि सबै घरपरिवारसम्म वितरण गर्नेछन्।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अकर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्याउने परिवारले तिर्नुपर्ने छ।

(५) गाउँपालिका क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ।

## परिच्छेद ७
## विविध

**३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ।

(३) सिफारिसका लागि गाउंपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ।

**३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने:**

+ पहिलो संशोधनद्वारा थप ® पहिलो संशोधनद्वारा संशोधित × पहिलो संशोधनद्वारा हटाइएको



कर्ण बहादुर शाही
अध्यक्ष

**खार्पुनाथ गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ (पहिलो संशोधन, २०८२ समेत)**

स्वास्थ्य सेवा सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ।

**३५. आमा समूह, धामी झाक्री सेवाको अभिलेख**

आमा समूह, धामी झाक्री सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ।

**३६. प्रतिवेदन पेश गर्नुपर्ने**

गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ।

**३७. साझेदारी तथा सहयोग प्राप्त गर्न सक्ने**

गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ संस्था, ट्रष्ट र व्यक्तिहरुसंग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुवाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

**३८. पुनरावेदन:**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

**३९. नियम बनाउने अधिकार:**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**४०. संक्रमणकालीन व्यवस्था:**

यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

**४१. बाधा अडकाउ फुकाउने अधिकार:**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ। तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्क्रय हुनेछ।

**४२. बचाउ र लागू नहुने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ।

+(४) यस ऐनमा भएका व्यवस्थाहरू खार्पुनाथ आधारभूत अस्पतालको हकमा लागू हुने छैन।

+ पहिलो संशोधनद्वारा थप ® पहिलो संशोधनद्वारा संशोधित × पहिलो संशोधनद्वारा हटाइएको



कर्ण बहादुर रावल
अध्यक्ष

Scanned with CamScanner